# वित्तीय जानकारी इकाई (FIU-Nepal) र "क" वर्गका वाणिज्य बैंकका कार्यान्वयन अधिकारीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७९ कात्तिक २८ गते धुम्बाराही, काठमाडौं स्थित अकामा होटलमा goAML को प्रभावकारी कार्यान्वयनका लागि "क" वर्गका वाणिज्य बैंकका कार्यान्वयन अधिकारीहरुसँग goAML कार्यान्वयनको सिलसिलामा देखिएका समस्या, चुनौति एवं समाधान तथा आगामी पारस्पारिक मूल्यांकनको तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।






नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देव कुमार ढकालको प्रमूख आतिथ्यतामा गरिएको उक्त कार्यक्रममा goAML को प्रभावकारी कार्यान्वयन गर्दै पारस्पारिक मूल्यांकनमा बैंकिङ्ग क्षेत्रको सक्रियता आवश्यक रहेको बिचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलले goAML को प्रभावकारी कार्यान्वयनमा सबै वाणिज्य बैंकहरुले देखाएको सक्रियताका लागि धन्यवाद ज्ञापन गर्नु भयो । पारस्पारिक मूल्यांकनलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायहरुले साझा अवधारणाको विकास गर्दै सबै निकायले दिने जवाफमा एकरुपताको महत्व औंल्याउनु भयो ।

नेपाल बैंकर्स एसोसियसनका कार्यकारी निर्देशक श्री अनिल शर्माले कार्यक्रम निकै प्रभावकारी रहेको तथा पारस्पारिक मूल्यांकनको क्रममा बैंकहरुलाई सोधिन सकिने प्रश्नहरुको बारेमा छलफल कार्यक्रम आयोजना गरेकोमा इकाईलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

इकाईका उप-निर्देशक केशब प्रसाद रिमालले स्वागत मन्तव्य गर्दै शुरु गरिएको उक्त कार्यक्रममा सम्पूर्ण वाणिज्य बैंकका अनुपालना सम्बन्धित अधिकृत तथा बैंक सुपरिवेक्षण विभागका सम्बन्धित अधिकृतहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले goAML कार्यान्वयनका समस्या, चुनौति एवं समाधान' तथा 'आगामी पारस्पारिक मूल्यांकन' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले 'पारस्पारिक मूल्यांकनः सुपरिवेक्षण दृष्टिकोण' शीर्षकमा दोश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रमको सञ्चालन वित्तीय जानकारी इकाईका सहायक निर्देशक आश्मा ज्ञवालीले गर्नुभएको थियो ।